बिवाह, भोजभतेर,समारोह आदिमा ठुलो परिमाणमा मासु चाहिने क्याटरिङ्ग व्यवसायि तथा अन्य उपभोक्तालाई विशेष छुटको व्यवस्था

स्वस्थ, ताजा माछा तथा मासु चाहिएमा

भाउजु मिट मार्ट प्रा.लि.द्वारा संचालित
मिट माउण्ट

मासुका पारखीहरूले अब झिंगा भन्किएका र फोहर स्थानमा राखिएका माछामासु खानुपर्ने वाध्यताका दिन गए ।

खुल्ने समय
बिहान ७ बजेदेखी
बेलुका ७ बजेसम्म

सम्पर्क तथा विक्री कक्ष :
पुरानो अन्नपुर्ण सिनेमा हल भएको छेउ,
अन्नपुर्ण टोल, बिर्तामोड - ४
०२३-५४१४३६/९८२७९५३८७०/९८२७९५३८७१
९७४६८६२९३१/९७४६८६२९३३

राष्ट्रिय दैनिक
# प्रतिदिन
PRATIDIN NATIONAL DAILY

प्रतिदिन
हर प्रहर ताजा खबर!
लगईन गर्नुहोस्
www.pratidindaily.com
विज्ञापनको लागि सम्पर्क:
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०

वर्ष-१४ ।। अङ्क : ०७५ ॥ २०७९ वैशाख ०४ गते आइतबार (17th Apr 2022 Sunday) **Pratidin** National Daily dN‌o-?:%÷-

## नेकपा समाजवादीका केन्द्रीय सदस्यसहित २७५ जनाद्वारा पार्टी परित्याग

*बिर्तामोड (प्रस)* । स्थानीय निर्वाचनको मुखमा पार्टीको सिद्धान्तप्रति असहमति जनाउँदै नेकपा एकीकृत समाजवादीका केन्द्रीय सदस्यसहित २७५ जनाले पार्टी परित्याग गरेका छन् । पार्टी परित्याग गर्नेहरुमा केन्द्रीय सदस्य लोकबन्धु कन्दङ्वा , केन्द्रीय सल्लाहकार समिति सदस्य गोपिचन्द्र गिरी , जिल्ला कमिटी सदस्यहरु प्रकाश पुरी , महेन्द्रप्रसाद खरेल , गीता कँडेललगायत रहेका छन् । उनीहरुले शनिबार प्रेस बिज्ञप्ति जारी गरी एक राष्ट्रवादी नागरिकको हैसियतले यो पार्टीमा



बसिरहन नैतिकरुपले नमिल्ने ठहर गरि आजका मितिदेखि उक्त पार्टी परित्याग गरि स्वतन्त्र वामपन्थी नागरिकको रुपमा जीवनयापन गर्ने निर्णय गरेको जनाएका छन् । नेकपा एकीकृत समाजवादी पार्टी राष्ट्रघाती र नवप्रतिगामी कित्तामा पुगेको ठहर गर्दै विज्ञप्तिमा भनिएको छ ,' नेकपा एकीकृत समाजवादीले आजका मितिसम्म सैद्धान्तिक र वैचारिक दृष्टिकोणले, पद्धतिगत र प्रवृतिगत दृष्टिकोणले साथै व्यवहारिक र आर्थिक दृष्टिकोणले पनि पार्टी फुटको औचित्य प्रमाणित गर्न नसकेको र भविष्यमा समेत प्रमाणित गर्न नसक्ने भएकाले र पछिल्लो मितिमा समेत एमसीसीजस्तो राष्ट्रघाती अमेरिकी परियोजनालाई संसदबाट पास गर्न सहयोग पुर्‍याई पार्टीलाई राष्ट्रघाती र नवप्रतिगामी कित्तामा राखेको हुनाले एक राष्ट्रवादी नागरिकको हैसियतले यो पार्टीमा

❖ बाँकी अन्तिम पृष्ठमा

## तालमेल मिलाउन कार्यदल

*झापा (प्रस)* । सत्तारुढ पाँचदलीय गठबन्धनको उम्मेद्वारी तालमेललाई निष्कर्षमा पुर्‍याउन झापामा चार सदस्यीय कार्यदल गठन गरिएको छ ।

नेपाली कांग्रेस झापाका सचिव कृष्ण हुमागाईको संयोजकत्वमा गठित कार्यदलमा माओवादी केन्द्रका मोहन टुडु, नेकपा एकीकृत समाजवादीका निलमणि वराल र जनता समाजवादी पार्टीका गौरीमान राई सदस्य रहेका छन् । गठबन्धन दलका जिल्लास्थित शीर्ष नेताहरुको शनिबार बिर्तामोडमा सम्पन्न बैठकले १० वटा पालिकाहरुका मुख्य पदहरुमा सहमति गरेको छ भने कार्यदलले बाँकी पालिका र वडा तहको सहमति रातभरिमा सम्पन्न गरी आइतबार बिहान बस्ने गठबन्धन दलको बैठकमा प्रस्तुत गर्ने भएको छ ।

पाँचदलीय गठबन्धनका संयोजक तथा नेपाली काँग्रेस झापाका सभापति देउकुमार थेवेको सभापतित्वमा बसेको बैठकमा नेपाली कांग्रेसका तर्फबाट सुधिर कुमार शिवाकोटी र कृष्ण हुमागाई सहभागी थिए ।

त्यसैगरी नेकपा माओवादी केन्द्रका तर्फबाट मोहन टुडु,सीपी कडरिया, राजु आचार्य सहभागी थिए । नेकपा एकीकृत समाजवादीका तर्फबाट वेदराज रेग्मी, भाष्कर काफ्ले र इन्द्र बुढाथोकी सहभागी रहेका थिए भने जनता समाजवादी पार्टीका तर्फबाट नित्यानन्द ताजपुरिया र दिपेनवाला राई सहभागी थिए ।

## राप्रपा नेपालले बिर्तामोडमा उपमेयर दावी गर्ने




*बिर्तामोड (प्रस)* । नेकपा एमालेसंग चुनावी गठबन्धन गरेको कमल थापाको राप्रपा नेपालले बिर्तामोड नगरपालिकामा उपमेयर दावी गर्ने भएको छ ।सूर्य चिह्न लिएर चुनावी तालमेल गर्ने निर्णय गरेको राप्रपा नेपालले जिल्लाका १५ वटा पालिकामध्ये बिर्तामोड नगरपालिकाको उपमेयर दावी गर्ने भएको हो । त्यस विषयमा एमालसंग छलफल अगाडि बढाइएको राप्रपा नेपालका जिल्ला अध्यक्ष कमल खरेलले बताए ।' हामी बिर्तामोड ,दमकलगायतका पालिकाको उपप्रमुख दावी गर्छौं'उनले भने ,'संभावित उम्मेदवार भएका ठाउँहरुमा सहमतिका आधारमा केही वडाध्यक्ष पनि माग्छौं ।' उनले उम्मेदवार तालमेलको विषय दुई दिनभित्र टुंगिने जानकारी दिए ।राप्रपा नेपालले बिर्तामोडमा उपमेयर दावी गरिरहँदा एमालेभित्र सो पदका लागि देवराज कार्की , भीमा शिवाकोटी , गणेश पोखरेल आन्तरिक निर्वाचनबाट पहिलो , दोस्रो र तेस्रो भएका थिए । उनीहरुलाई नगर कमिटीले उपल्लो कमिटीमा उम्मेदवारका लागि सिफारिस गरे नगरेको थाहा हुन सकेको छैन ।

शुभ साइत बचत तथा ऋण सहकारी संस्था लि.
चन्द्रगढी , झापा
कर्मचारी आवश्यकता सम्बन्धी सूचना
यस शुभ साइत बचत तथा ऋण सहकारी संस्था लि. को लागि केही कर्मचारी आवश्यकता परेकोले इच्छुक व्यक्तिले आफ्नो बायोडाटासहित तुरुन्त सम्पर्क राख्नु होला ।
बजार प्रतिनिधि : ५ जना ( महिला )
योग्यता : S.L.C. वा सो सरह
निवेदन दिने अन्तिम मिति : २०७९/०१/०७ गतेसम्म
अन्तर्वार्ता मिति : २०७९/०१/०९ गते
निवेदन दस्तुर : रु.२००।-
तलब : आपसी समझदारीमा
सम्पर्क नं. : ०२३-४५५६३९ , ९८५१०९४६८७

नव वर्ष २०७९ को शुभकामना
नयाँ वर्ष २०७९ को उपलक्ष्यमा समस्त नेपाली दाजुभाइ दिदीबहिनीहरुमा सु:ख, शान्ति तथा समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौँ ।
वडा अध्यक्ष : सूर्यप्रसाद कन्दङ्वा
बिर्तामोड नगरपालिका ६ नं वडा कार्यालय
बुट्टाबारी , झापा

नव वर्ष २०७९ को शुभकामना
नयाँ वर्ष २०७९ को उपलक्ष्यमा सम्पूर्ण ग्राहक वर्गलगायत समस्त नेपाली दाजुभाइ दिदीबहिनीहरुमा सु:ख, शान्ति तथा समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौँ ।
सुबोध कोठारी
प्रेरणा ट्रेडर्स परिवार
भद्रपुर , झापा

नव वर्ष २०७९ को शुभकामना
नयाँ वर्ष २०७९ को उपलक्ष्यमा सम्पूर्ण निर्माण व्यवसायीलगायत समस्त नेपाली दाजुभाइ दिदीबहिनीहरुमा सु:ख, शान्ति तथा समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौँ ।
तीर्थराज पोखरेल(उत्तम)
ॐ उन्नति पोखरेल निर्माण सेवा
भद्रपुर , झापा

नव वर्ष २०७९ को शुभकामना
नयाँ वर्ष २०७९ को उपलक्ष्यमा समस्त नेपाली दाजुभाइ दिदीबहिनीहरुमा सु:ख, शान्ति तथा समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौँ ।
बन्दी विकास पुस्तकालय
कारागार झापा परिवार
भद्रपुर , झापा

नव वर्ष २०७९ को शुभकामना
नयाँ वर्ष २०७९ को उपलक्ष्यमा सम्पूर्ण ग्राहक वर्गलगायत समस्त नेपाली दाजुभाइ दिदीबहिनीहरुमा सु:ख, शान्ति तथा समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौँ ।
भगवानजी शाह
सुनिता ज्वेलर्स परिवार
चन्द्रगढी , झापा

नव वर्ष २०७९ को शुभकामना
नयाँ वर्ष २०७९ को उपलक्ष्यमा समस्त नेपाली दाजुभाइ दिदीबहिनीहरुमा सु:ख, शान्ति तथा समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौँ ।
वडा अध्यक्ष : राजेन्द्रप्रसाद लिङ्देन
बिर्तामोड नगरपालिका ५ नं वडा कार्यालय
बिर्तामोड , झापा

नव वर्ष २०७९ को शुभकामना
नयाँ वर्ष २०७९ को उपलक्ष्यमा समस्त नेपाली दाजुभाइ दिदीबहिनीहरुमा सु:ख, शान्ति तथा समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौँ ।
वडा अध्यक्ष : अजय कार्की
बिर्तामोड नगरपालिका ८ नं वडा कार्यालय
गरामनी बजार , झापा

नव वर्ष २०७९ को शुभकामना
नयाँ वर्ष २०७९ को उपलक्ष्यमा समस्त नेपाली दाजुभाइ दिदीबहिनीहरुमा सु:ख, शान्ति तथा समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौँ ।
क्षेत्रिय सभापती: गणेश पोखरेल
नेपाली कांग्रेस झापा ३ नं क्षेत्रीय समिति परिवार

नव वर्ष २०७९ को शुभकामना
नयाँ वर्ष २०७९ को उपलक्ष्यमा समस्त नेपाली दाजुभाइ दिदीबहिनीहरुमा सु:ख, शान्ति तथा समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौँ ।
वडा अध्यक्ष : अग्नीप्रसाद पाण्डे
बिर्तामोड नगरपालिका १ नं वडा कार्यालय
बिर्तामोड , झापा

नव वर्ष २०७९ को शुभकामना
नयाँ वर्ष २०७९ को उपलक्ष्यमा समस्त नेपाली दाजुभाइ दिदीबहिनीहरुमा सु:ख, शान्ति तथा समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौँ ।
वडा अध्यक्ष :नगेन्द्रप्रसाद संग्रौला
बिर्तामोड नगरपालिका २ नं वडा कार्यालय
चारपाने , झापा

नव वर्ष २०७९ को शुभकामना
व्यक्तिगत घटना समयभित्र दर्ता गरौं । जरिवानाबाट बचौं । जन्म , विवाह , मृत्यु , सम्बन्ध विच्छेद , बसाइ सराइ जस्ता घटना अनिवार्य रुपमा दर्ता गरौं । टोल , गाउँ , बजार सफा राखौं र स्वस्थ रहौं । साथै नयाँ वर्ष २०७९ को उपलक्ष्यमा समस्त नेपाली दाजुभाइ दिदीबहिनीहरुमा सु:ख, शान्ति तथा समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौँ ।
नगर प्रमुख : चन्द्र शेर्मा
उपप्रमुख: भोजकुमारी नेपाल
प्रमुख प्रशासकिय अधिकृत : प्रकाश चौधरी
शिवसताक्षी नगरपालिका कार्यालय परिवार
व्याङडाँडा, झापा

नव वर्ष २०७९ को शुभकामना

नयाँ वर्ष २०७९ को उपलक्ष्यमा समस्त नेपाली दाजुभाइ दिदीबहिनीहरुमा सुःख, शान्ति तथा समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

कार्यालय प्रमुखः योगेन्द्र दुलाल
भूमिसुधार तथा मालपोत कार्यालय परिवार
भद्रपुर, झापा

नव वर्ष २०७९ को शुभकामना

नयाँ वर्ष २०७९ को उपलक्ष्यमा समस्त नेपाली दाजुभाइ दिदीबहिनीहरुमा सुःख, शान्ति तथा समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

कार्यालय प्रमुखः कृष्णप्रसाद राजवंशी
जलस्रोत तथा सिंचाइ डिभिजन कार्यालय परिवार
भद्रपुर, झापा

# लागूऔषधसहित तीन पक्राउ

*झापा (प्रस)* । मेची खोलाको पुरानो पुलमा प्रतिबन्धित लागूऔषधसहित एकैदिन तीनजना पक्राउ परेका छन् ।

शनिबार दिउँसो ३ बजे मेची खोला पुरानो पुलमा लागूऔषध नियन्त्रण व्यूरो काकँडभिट्टाको टोलीले चेकजाँच गर्ने क्रममा भारतबाट नेपालतर्फ पैदल आउँदै गरेका दमक ५ बस्ने २२ वर्षिय राजेश गुरुङलाई शंका लागेर चेकजाँच गर्ने क्रममा लागूऔषध डाईजापाम ६ एम्पुल,फेनारगन ६ एम्पुल र



लुपिजेसिक ६ एम्पुल गरी जम्मा १८ एम्पुल फेला पारेको थियो । त्यस्तै सोही स्थानमा दिउँसो ३.४५ बजे भारतबाटै नेपालतर्फ आउँदै गरेको मे ५ प ५६५ नम्बरको २ जना सवार स्कुटरलाई शंका लागेर चेकजाँच गर्दा उक्त स्कुटरको पछाडी सवार दमक .२ बस्ने २६ वर्षिय अमृत राईको साथबाट ६ ग्राम ब्राउनसुगर फेला परेको थियो । उक्त स्कुटर,स्कुटर चालक ईलाम साविक चुलाचुली ८ घर भई हाल दमक २ बस्ने २२ वर्षिय सन्तोष ढकाल समेतलाई नियन्त्रणमा लिई तीनैजना र स्कुटरलाई ईप्रका काकँडभिट्टामा राखी थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

नव वर्ष २०७९ को शुभकामना

व्यक्तिगत घटना समयभित्र दर्ता गरौं । जरिवानाबाट बचौं । जन्म, विवाह, मृत्यु, सम्बन्ध विच्छेद, बसाइ सराइ जस्ता घटना अनिवार्य रुपमा दर्ता गरौं । टोल, गाउँ, बजार सफा राखौं र स्वस्थ रहौं । साथै नयाँ वर्ष २०७९ को उपलक्ष्यमा समस्त नेपाली दाजुभाइ दिदीबहिनीहरुमा सुःख, शान्ति तथा समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

अध्यक्ष : अन्जार आलम
उपाध्यक्षः निमसरी राजवंशी
प्रमुख प्रशासकिय अधिकृत : कुमार बस्नेत
कचनकवल गाउँपालिका कार्यालय परिवार
बनियानी, झापा

नव वर्ष २०७९ को शुभकामना

व्यक्तिगत घटना समयभित्र दर्ता गरौं । जरिवानाबाट बचौं । जन्म, विवाह, मृत्यु, सम्बन्ध विच्छेद, बसाइ सराइ जस्ता घटना अनिवार्य रुपमा दर्ता गरौं । टोल, गाउँ, बजार सफा राखौं र स्वस्थ रहौं । साथै नयाँ वर्ष २०७९ को उपलक्ष्यमा समस्त नेपाली दाजुभाइ दिदीबहिनीहरुमा सुःख, शान्ति तथा समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

अध्यक्ष : रविन्द्रप्रसाद लिङ्देन
उपाध्यक्षः डम्बर गिरी
प्रमुख प्रशासकिय अधिकृत : प्रविण दाहाल
हल्दिबारी गाउँपालिका कार्यालय परिवार
हल्दिबारी, झापा

## नेकपा...

बसिरहन नैतिकरुपले नमिल्ने ठहर गरि आजका मितिदेखि उक्त पार्टी परित्याग गरी स्वतन्त्र वामपन्थी नागरिकको रुपमा जीवनयापन गर्ने निर्णय गरेका छौं ।' आफूहरुले पार्टीको स्थापनाकालदेखि नै केन्द्र, प्रदेश, जिल्ला तथा पार्टीको विभिन्न तहमा रही जिम्मेवारी पुरा गर्दै पार्टी फुटको औचित्य प्रमाणित गर्नका लागि पार्टी जीवन परिचालित हुनुपर्छ भनी आवाज उठाउँदै आएको स्मरण गरेका छन् ।

भर्खर जन्मिएको सो पार्टीका केन्द्रीय सदस्यसहित यति धेरैले सामूहिक राजीनामा दिएपछि पार्टीलाई ठूलो धक्का लाग्ने देखिएको छ ।

बिर्ता (सेफ्टी तथा ढल सफाई)
बिर्तामोड, झापा
( पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)
पुर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाई गरिन्छ ।



भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680
सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस ।

नव वर्ष २०७९ को शुभकामना

नयाँ वर्ष २०७९ को उपलक्ष्यमा सम्पूर्ण शेयर सदस्यलगायत समस्त नेपाली दाजुभाइ दिदीबहिनीहरुमा सुःख, शान्ति तथा समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

अध्यक्ष : कृष्णप्रसाद राजवंशी
व्यवस्थापकः शंकर शाह
पिछडा उत्थान कृषि सहकारी संस्था लि.
बिर्तामोड, झापा

नव वर्ष २०७९ को शुभकामना

नयाँ वर्ष २०७९ को उपलक्ष्यमा समस्त नेपाली दाजुभाइ दिदीबहिनीहरुमा सुःख, शान्ति तथा समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

वडा अध्यक्ष : कुलप्रसाद संग्रौला
बिर्तामोड नगरपालिका ४ नं वडा कार्यालय
बिर्तामोड, झापा

नव वर्ष २०७९ को शुभकामना

नयाँ वर्ष २०७९ को उपलक्ष्यमा समस्त नेपाली दाजुभाइ दिदीबहिनीहरुमा सुःख, शान्ति तथा समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

वडा अध्यक्ष : दुर्योधन गुरुङ
बिर्तामोड नगरपालिका १० नं वडा कार्यालय
सैनिकबजार, झापा

नव वर्ष २०७९ को शुभकामना

नयाँ वर्ष २०७९ को उपलक्ष्यमा समस्त नेपाली दाजुभाइ दिदीबहिनीहरुमा सुःख, शान्ति तथा समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

कार्य वाहक वडा अध्यक्ष : चन्द्रकला पकुवाल
बिर्तामोड नगरपालिका ७ नं वडा कार्यालय
गरामनी बजार, झापा

नव वर्ष २०७९ को शुभकामना

नयाँ वर्ष २०७९ को उपलक्ष्यमा सम्पूर्ण शेयर सदस्यलगायत समस्त नेपाली दाजुभाइ दिदीबहिनीहरुमा सुःख, शान्ति तथा समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

अध्यक्ष : कृष्णप्रसाद राजवंशी
व्यवस्थापकः शंकर शाह
पिछडा उत्थान कृषि सहकारी संस्था लि.
झापा गाउँपालिका - २, झापा बजार

नव वर्ष २०७९ को शुभकामना

नयाँ वर्ष २०७९ को उपलक्ष्यमा समस्त नेपाली दाजुभाइ दिदीबहिनीहरुमा सुःख, शान्ति तथा समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

वडा अध्यक्ष : भोजराज सिटौला
बिर्तामोड नगरपालिका ३ नं वडा कार्यालय
बिर्तबजार, झापा

'नागरिकको व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा, नेपाल सरकारको दर्ता शिविर मार्फत प्राथमिकता'
व्यक्तिगत घटना दर्ता सप्ताह
२०७९ बैशाख १ देखि ७ गते सम्म
व्यक्तिगत घटना दर्ता
सामाजिक सुरक्षा कार्यक्रम




"स्थानीय वडामा संचालन हुने घटना दर्ता अभियानमा सहभागी भई सफल पारौ ।"
दर्ता शिविर सचालन हुने स्थान : सम्बन्धित वडाको कार्यालय समयः बिहानः १० बजे देखी ५ बजे सम्म मिति : २०७९ बैशाख १ गते देखी बैशाख ७ गते सम्म

नव वर्ष २०७९ को शुभकामना

नयाँ वर्ष २०७९ को उपलक्ष्यमा सम्पूर्ण शेयर सदस्यलगायत समस्त नेपाली दाजुभाइ दिदीबहिनीहरुमा सुःख, शान्ति तथा समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

अध्यक्ष : सुजाता पोखरेल
व्यवस्थापकः रुपक राजवंशी
श्री कुमरखोद साना किसान कृषि सहकारी संस्था लि. परिवार
झापा गाउँपालिका - २, झापा बजार

नव वर्ष २०७९ को शुभकामना

नयाँ वर्ष २०७९ को उपलक्ष्यमा सम्पूर्ण ग्राहक वर्गलगायत समस्त नेपाली दाजुभाइ दिदीबहिनीहरुमा सुःख, शान्ति तथा समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

निरज तिम्सिना
फेशन फनिर्सिङ सेन्टर
बिर्तामोड, झापा

हरि ओम UPVC उद्योग



बिर्तामोड-१ (बाल्मिकी स्कुल पश्चिम) फोनः ०२३-५४२४६१
हाम्रा सेवाहरुः यु.पि.भि.सि. का विभिन्न डिजाईनका झ्याल ढोका पार्टेसन, रुफिङ्गका साथै आधुनिक आवास, विद्यालय, अस्पताल, होटलका भवनहरु निर्माण गरिन्छ।
नेपालमै पहिलो पटक बनेको ISO 2001/2015 मान्यता प्राप्त लिड केमिकल फ्रि भएको नेपालको एक नम्बर UPVC Nepatop
9842717153 / 9842696003

नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) फोन नं.: ०२३-५४३८२० इमेल : pratidin65@gmail.com अध्यक्ष : युवराज दाहाल ।। कार्यकारी सम्पादक : इन्द्रसिंह राजवंशी

# प्रतिदिन अभिव्यक्ति

कविता

## जिद्दी मान्छे



• श्रीराज गौतम

उत्साहको गन्तव्यतर्फ
एक पाइला अघि बढ्न
जब खुट्टा उठाउँछु मैले
एक हुल नियतीहरू आइपुग्छन् ठेस लगाउन
पहाडहरूको भारी बोकेर ।

मात्र एउटा सपना देखेर
रहरको उडान भर्नलाई
जब निदाउँछन् मेरा आँखाहरू
मलाई ब्युँझाउन कर्कश आवाजसहित
बादलले मेरै घरमा चट्याङ पठाउँछ ।
समुद्रको गहिराई नाप्ने महत्वाकांक्षाले
नदीसँगै बगिरहेको हुन्छु म
म नदी बनेको देख्न नसकेर
झर्छन् चट्टानहरू मैमाथि, थुनेर मेरो बाटो
मलाई स्थिर ताल बनाउन ।

जिन्दगीका हरेक लडाइँ जित्न
मुटुमा अदम्य साहस बोकेर
जब होमिन्छु म रण मैदानमा
हठात आइपुग्छन् केही मित्रहरू
मेरै पिठ्यूँमा छुरा रोप्न । तर म जिद्दी मान्छे
नियतीका पहाड चढिरहेकै छु
आँखामा सपना सजाइरहेकै छु
नदीसँगै निरन्तर बगिरहेकै छु
अहँ ! रत्तिभर डराएको छैन, लडिरहेकै छु ।

## देशको पैसा



जोगेन्द्रप्रसाद राजवंशी

यो देशको पैसा ,कहाँ लुक्यो
कि कसैले , लुकाएको हो।
नोटबन्दीले हो कि, भोटबन्दीले
कि जनतालाई नै, झुक्याएको हो।

रेमिट्यान्सले चल्छ, देश भन्छ
खोई त कहाँ , लुक्दैछ डलर?
बैकमा पैसा छैन , भनेर किन
दुखेसो पोख्छन् , गाउँ-घर ।।

नेता भोटमा , जनता चैं नोटमा
सत्ताको बन्दैछ , कि शहर?
देशका जनता, बटुल्न सक्ने
नेताहरूले खन्दैछन्, कि नहर।।

देशको अर्थ , सुकेको हो कि,
यो सत्ताले , सुकाएको हो।
देशको पैसा त, देशमै हुन्छ
कि बोरामा हाली, लुकाएको हो।

आगोले खायो कि,पानीले खायो,
गाठो किन , न फुकाएको हो।
अभावै अभावमा, जिउने गरीब
बिदेशीलाई चित्त किन,दुखाएको
हो ।

# जुन प्रेमका लागि मैले घर छाडेको थिएँ ...!



• राधिका ढकाल

एकान्तमा बसेर सोच्दै थिएँ, कुनै कुराको स्मरण भयो । सम्बन्ध रगतको होस् या मित्रताको सबै क्षणिक मात्र हुन थालेका छन् । सम्बन्ध चाहे रगतको होस् या मित्रताको परिस्थितिले होइन मनस्थितिले टुट्न थालेका छन् यहाँ ।

कसैसँगको गहिरो मायामा चुर्लुम्म डुबिन्छ नि अनि संसार जितेको आभास हुँदोरहेछ । हो , म पनि नवीनको मायामा यसरी नै डुबेको थिएँ । उसको त्यो प्रेमले मलाई उहीतर्फ खिचेको थियो । कहिले हामी कफी सपमा हुन्थ्यौं , कहिले फिल्म हल त कहिले पार्कमा । समयको यो बहाव कति चाँडै बहँदो रहेछ । सायद , मायाभन्दा ठूलो केही छैन जस्तो लाग्ने ती एकान्त ठाउँमा हाम्रो प्रेम यसरी नै झाँगिँदै थियो । तर अपसोच म एउटा सामान्य परिवारको छोरी । ऊ एउटा सम्पन्न परिवारको एक्लो छोरा । म चाहन्थें समानता होस् सबैप्रति हाम्रो प्रेममा कोही बाधक नभैदियोस् तर सम्भव थिएन किनकि ऊ आफैं मदेखि छुट्टिन खोज्दै थियो । अचानक हाम्रो मायाको सुवासमा बिस्तारै हावाको झकेटाहरू लाग्न थाले । नवीन मसँग बिस्तारै टाढिन लाग्यो । म भने उसको प्रेममा म पौडिरहेको थिएँ । स्वार्थ र आवश्यकता पूरा गर्न तिमीले दिएको धोका अनि मकैसँगै घुन पिसिएजस्तै म पिल्सिरहेको छु । कुनै सम्भावना नदेखेपछि हामी दुई छुट्टिने निर्णय लियौं । छुट्टिनुअघि उसको काँधमा टाउको राख्दै भने 'प्लिज हामी बिहे गरौं न । म तिमीबिना छुट्टिएर बस्न सक्दिनँ ।

गाउँ , समाजको डरले मलाई छोड्न खोज्दै छौ भने बरू हामी कतै नयाँ ठाउँ गएर नयाँ जिन्दगी सुरू गरौं न ' भन्दै पोल्टो फैलाउँदै थिएँ । तर उनले मलाई बुझ्ने कोसिस नै गरेन ।
हामी छुट्टियौं ।
दिन बित्दै गयो , महिनौं भयो वर्ष बिते । नवीनसँग मेरो दूरी बढेर गयो । दूरी जति नै बढे पनि ऊप्रतिको प्रेममा कहिल्यै कमी आएन । नवीनले विवाह गर्‍यो , म उसकै यादले ओछ्यानमा थलिएको बेला अंगालोमा बाँधिएको फोटो मलाई पठाउँदै बिहे गरेको सुनायो । कस्तो अजिवको चिज रहेछ यो माया भन्ने पनि । हिजोसम्म मलाई अंगाल्दै गरेको त्यो काखमा आज उसले अरू कसैलाई अंगाल्दै भन्यो - म अरू कसैको भैसकें ।
कसैलाई अंगाल्दैमा , शरीर साट्दैमा माया भन्ने हुन्छ र !

यदि अंगालेको भरमा , शरीर साटेको आधारमा प्रेम हुन्छ र !

' प्रेम त दुःख हो , कमजोरी हो । आफ्नो निम्ति फुल्ने , आफ्नै , निम्ति फक्रिने । ' मर्नुजस्तो एउटा बाध्यतालाई स्वीकार गर्नको निम्ति भमरासँग लाप्पा खेल्नैपर्छ र ? झर्नु त पर्छ पर्छ भने आफ्नो इच्छाले झर्ने नि !

याद छ नवीन अझै पनि ती दिनहरू मलाई ।

तिम्रो छातीमा टाँसिएर गुटुमुटु हुँदै अनेक सपना सजाएका ती पल बिहे गर्ने रहर , बिहेपछिका योजना अनि मुनामदनजस्तो नमूनाको जोडी बन्ने मेरा सपना सबै एकै झड्काले भताभुङ भए । नवीनले दिएको धोकाको कुनै सीमा नै रहेन । जुन प्रेम प्राप्तिको लागि मैले घर , समाज छोडिसकेको थिएँ । त्यही प्रेम आज मेरो हुन सकेन। न त मैले जोगाएर राखेको मेरो प्रेम मेरो नै भयो । न त नवीनले बुझ्ने कोसिस नै गर्‍यो । धेरै समयपछिको पीडा पछि म सम्हालिँदै छु । देख्न मन लाग्छ अझै पनि उसलाई। फेसबुकमा साथी छ नभए पनि सर्च लिस्टको पहिलो नम्बरमा उसकै नाम छ नवीनको फोटो हेर्दै , सुम्सुमाउँदै ती पल सम्झँदै दिनहरू बिताउँदै छु ।

जिन्दगीबाट म हराएको पनि धेरै भैसकेको छ । कुनै बेला थियो म सूर्यको चमकजस्तै चम्किन्थें । तर म अचेल अस्ताएको छु अशान्तबाट शान्त भैसकेको छु ती यादसँग लुकामारी खेल्न मन लाग्छ । हरेक कुना-कुनामा अनि यो सहर, यो गल्लीमा म मेरो नवीनलाई खोजिरहेको छु । उसको यादले निकै सताउँछ । वर्षाका भेलजस्तै गरी आँखाबाट बग्न थाल्छन् तिमीले छोडेसँगै मलाई बाँचेको कुनै आभास भएको छैन । मैले मृत्यु भेटेको छु । यो शरीरको मृत्यु होइन यो त मन , मुटु , आत्माको मृत्यु हो । मैले तिमीलाई गरेको निश्चल प्रेमको मृत्यु ।

तिमीले देखेको छौ होला मरेको शरीर चितामा जलेको। हो, त्यसरी नै जलिरहेको छु म भित्रभित्रै । सायद तिमीले त मलाई भुलिसक्यौ होला हुन त सम्झिन लायक नभएर नै छाडेर गएको हुनुपर्छ । तर के थाहा नवीन , तिमीबिना म न जिउन सकेको छु न त मर्न सकेको छु । नवीनको याद अनि आँसु मेरा सहारा बनेका छन् । तिम्रो सम्झनामा आँसु बगाइराख्दा उसले नरोऊ भनिरहेको आभास महसुस हुन्छ । लाग्छ , कतैबाट ऊ आओस् अनि मलाई छातीमा टाँस्दै भनोस् , ' यी सबै कुरा झुटो हो । मुस्कान , नवीन केबल तिम्रोमात्र हो । म तिमीलाई छोडेर कहाँ जान सक्छु र ? '

तर यो सबै मेरो कल्पना र आशा मात्रै हुन् पूरा नहुने सपना हुन् ।
नवीनले त मेरो माया मारेर , मेरो जीवनबाट पाइला झिकिसकेको छ । सायद मेरो भागमा खुसी नै लेखिएको थिएन ।
मेरो ओठको मुस्कानभन्दा नयनमा आँसु नै धेरै सुहाउने भएर होला नवीनले आँसु दिएर गयो ।
नवीनले हाम्रो प्रेममा मलाई दिएको नै पीडा हो , जिउँदो लास हुँदाको पीडा अधिक हुँदो रहेछ । नवीनसँग बिताएका पलपललाई एक - एक गरी समेट्दै छु । ती याद चन्द्रमाको दागजस्तै भएका छन् ।

डरलाग्छ मलाई मृत्युदेखि , लास भएर चितामा जलें भने तिमीसँगका सबै यादहरू मेटी जानेछन् । सायद अब यो यादहरू मृत्युसम्म बाँच्नेछ । मभित्र एउटा मूल्यहीन मुटु , धोकाका खाटा बसिसकेका छन् । बस् एउटा सास फेर्ने फोक्सो बाँकी छ , नवीन ! म आफूभित्र एउटा मरूभूमि भएको छु । एउटा मुर्दा घर भएकी छु । मेरो प्रेम गर्ने अधिकार खोसिएको छ । शिरिसको फूल जसरी न बास्ना छर्न सकेको छु न त भमरा डुलाउन । बस् बसन्त जस्तै हरियो छु । मैले मृत्युसम्मको यात्रा गरिराख्दा तिम्रो प्रतीक्षा सधैं रहिरहने छ । म अधुरो , अपुरो भएको छु तिम्रो अभावमा । तिमी मुस्कुराउन नभुल्नु कुनै दिन। अनि तिमीलाई चोखो प्रेमको खाँचो भयो भने यो मुटुलाई सम्झनु । यो मुटुमा तिम्रो लागि अपार प्रेम रहिरहने छ । लब यु नवीन ! अझै पनि म तिम्रो यादसँगै यो प्रकृतिमा रमाउँदै छु ।

# जब भगवानले डाक्टरसँग सोधे



• आयास लुइँटेल

छोराले सोध्यो - मम्मी , त्यो राति-राति घर आउने , बिहान-बिहान हामी स्कुलको लागि तयार हुँदै गर्दा दौडिँदै घरबाहिर निक्लिने हाम्रो ड्याडी नै हो ? छोरीले सोधी - मम्मी , डाइनिङ रूममा कहिलेकाहीँ हामीसँगै खाना खाने , खाना खाँदा बारम्बार फोन आइरहने अनि फोनमा कहिले बिरामीको पिसाब कति छ ? दिसा के छ ? हावा गयो कि गएन ? कहिले ब्लड प्रेसर कति छ भनेर सोध्ने मान्छे हाम्रो ड्याडी नै हो ? बहिनीले सोधी - दिदी , त्यो अस्ति पार्टीमा झुलुक्क झुल्किने अनि हतार-हतार हस्याङ-फस्याङ डिजर्ट खाएर अलप हुने के हाम्रा भेना नै हुन् ? छिमेकीले सोधे - ए बैनी , रातबिरात एम्बुलेन्स आँगनमा आएर नाइट ड्रेसमै टपक्क टिपेर लैजाने के तिम्रा बुढालाई नै हो ?

प्रश्नको शृंखला जारी नै रहँदा एकदिन भगवान नै आएर सोधेछन् - बालिके , सबै जना मेरो पूजा गरेर आयु बढाइदिने आसिक माग्छन् । मैले गर्ने त केही होइन । मेरो दूत बनेर जन्म-मृत्युको बीचमा आएर टक्कै उभिदिने तर थोरै जस र बढी अपजस पाउने त्यो मान्छे तिम्रै बुढा त हैनन् ? खोइ कहाँ छन् ती ? श्रीमतीज्यू एकछिन चुप्प बस्छिन् र एकछिनमा बोली फुटाउँछिन् - आज उहाँको पाटन अस्पतालमा ड्युटी छ । यस्तो सधैं फुर्सद नहुने पेशा अँगालेका ती डाक्टरलाई एकचोटि जसरी पनि भेट्ने भगवानलाई इच्छा जागेछ । भगवान आफ्नो यान चढेर आकाशमार्ग हुँदै ती डाक्टर काम गर्ने अस्पताल पुगे । डाक्टर इमर्जेन्सीमा व्यस्त थिए ।
भगवानले सोचेछन् - आफू भगवानकै रूपमा भेट्नुभन्दा बरू एउटा बिरामी बनेर डाक्टरलाई भेट्छु ।
भगवान तुरून्तै एउटा बिरामीको रूप धारण गर्छन् र ती डाक्टरको सामुन्ने पुगेर आफ्नो पेट समात्दै बोल्छन् - मलाई साह्रै गाह्रो भयो डाक्टरसाब । पेट बेस्मारी दुख्यो। लौन मलाई उपचार गर्दिनुस् । मलाई बचाउनुहोस् !
अर्को एक जना सिरियस बिरामी हेर्दै गरेका ती डाक्टरले सुरूमा त ती बिरामीरूपी भगवानलाई इमर्जेन्सीको टिकट बनाएर ल्याउनुस् त भनेर एकथरी काम दिन्छन् ।
टिकट लिएर जचाउन आउनुस् भन्दा त भगवानलाई एकछिन झनक्क रिस उठ्छ । तर ठीकै छ सोच्दै उनी टिकट बनाउने झ्यालतिर लाग्छन् ।
बाहिर निस्किँदै गर्दा साइडको बेडमा भगवानले तिनै डाक्टरलाई देख्छन् जो एउटा बिरामीको छाति जोडजोडले थिचिरहेका छन् । डाक्टर असिनपसिन देखिन्छन्। तर बेडमा काठको मुढा जसरी लमतन्न सुतेको मान्छेको उठ्ने र बिउँतिने चालामाला थिएन ।
एकछिनपछि टिकट बनाएर बेडमा बसिरहेका ती बिरामीरूप धारण गरेका भगवानसामु डाक्टर आइपुग्छन् ।
डाक्टर सोध्छन् - कहाँ दुख्छ तपाईंलाई ? कहिलेदेखि दुखेको हो ?
यी प्रश्नको जवाफ दिँदै भगवान सबै नालीबेली बताउँछन् ।
सामान्य जाँच गरिसकेपछि ती डाक्टर भगवानलाई सोध्छन् - रक्सी , चुरोट खानुहुन्छ ?

डाक्टरको प्रश्नमा मनमनै हाँस्दै भगवान ' खान्नँ ' भनेर छोटो उत्तर दिन्छन् । त्यसपछि

**सधैं यो ' नेगेटिभ इनर्जी ' मा सकेसम्म पोजेटिभ भएर काम गर्ने डाक्टरलाई कसरी हुन्छ अझ धैरे सकारात्मक ऊर्जा दिनुपर्छ भन्ने सोच भगवानलाई आउँछ । यही सोच राख्दै भगवान बिस्तारै इमर्जेन्सीबाट अन्तर्ध्यान हुन्छन् ।**

ती डाक्टर गर्नुपर्ने जाँच र दिने औषधिका बारेमा भगवानलाई भन्छन् । एकछिनमा भगवानले एउटा अप्ठ्यारो प्रश्न सोधेर ती डाक्टरलाई आच्छुआच्छु पारौं न त भन्ने सोच्छन् । नर्सिङ स्टेसनमा पुगेका ती डाक्टरलाई हातको इशाराले आफ्नो बेडतिर आउने साउती गर्दै भगवान आफूले राख्ने कुरा सोच्न थाल्छन् । डाक्टर उनको बेड नजिक पुगेपछि भगवान बोल्छन् - ल डाक्टरसाब , म सब टेस्ट त जसोतसो पैसा जम्मा गरेर गर्नेछु तर तपाईंले मलाई ग्यारेन्टीका साथ रोग ठीक पार्दिनेछु भनेर बाचा गर्नुपर्‍यो । तब मात्रै म टेस्ट गर्न तयार हुन्छु , ग्यारेन्टी छैन भने जाँच गरेर के काम ? बिरामीको रूप धारण गरेका ती भगवानको यस्तो कुरा सुनेर एकछिन त डाक्टर के भनौं के भनौंको अवस्थामा पुग्छन् । करिब दुई मिनेटको मौनपछि डाक्टर बोल्छन् - हेर्नुस् मैले पढेको किताब र सिकेको अनुभवबाट तपाईंलाई उपचार गर्ने हो । म महान आत्मा होइन । म सिर्फ तपाईंको दुःख कम गर्न बसेको एउटा माध्यम हुँ । तपाईंले खोजेको त्यस्तो ग्यारेन्टी तपाईंलाई मैले त दिन सक्दिनँ। तर यो संसारमा दुई जना छन् जसले तपाईंलाई सत प्रतिशत ग्यारेन्टी दिन सक्छन् ।

डाक्टरको यस्तो कुरा सुनेर भगवानलाई कौतुहलता जाग्यो ।

भगवानले सोधे - को हुन् मलाई ग्यारेन्टी दिन सक्ने ?

भगवानको प्रश्नमा उत्तर दिँदै डाक्टर बोल्छन् - हजुर , तपाईंलाई त्यस्तो ग्यारेन्टी कि त कुनै ठगले दिन सक्छ कि त भगवानले। म पुस्तक र अनुभव प्रयोग गर्ने सामान्य मानिसले त्यो ग्यारेन्टी दिन कदापि सक्दिनँ । डाक्टरको उत्तर सुनेर भगवानलाई नै पर्नु आपत आइलाग्यो। किनभने उनको प्रश्न फेरि उनैमाथि आएर तेर्सिएको थियो । भगवानलाई पनि थाहा छ - मानिसको नाशवान शरीरको कसैले पनि ग्यारेन्टी दिन वा लिन सक्दैन । एकछिन त भगवानलाई आफू र ठगलाई एउटै तराजुमा राखिएको पो हो कि भनेझैं पनि भयो। भगवान यस्तो सोच्दै थिए , फेरि ती डाक्टर एउटा सिरियस बिरामीको उपचारमा तल्लीन हुन थाले ।

भगवानले चारैतिर हेरे । इमर्जेन्सी माछाबजारजस्तो थियो । जता हेर्‍यो त्यतै दुखाइ र सन्ताप छ । भगवानलाई डाक्टरको माया लागेर आयो । सधैं यो ' नेगेटिभ इनर्जी ' मा सकेसम्म पोजेटिभ भएर काम गर्ने डाक्टरलाई कसरी हुन्छ अझ धैरे सकारात्मक ऊर्जा दिनुपर्छ भन्ने सोच भगवानलाई आउँछ । यही सोच राख्दै भगवान बिस्तारै इमर्जेन्सीबाट अन्तर्ध्यान हुन्छन् । भोलिपल्ट बिहान इमर्जेन्सीमा भीडभाड थियो । सबै मान्छे हिजो बिरामी रूप धारण गरेका ती भगवान बसेको बेड वरिपरि झुम्मिएका थिए । ती डाक्टर पनि भर्खरै अस्पताल आइपुगेका थिए। त्यो बेडमा के भएछ भनेर उनी पनि त्यतै लाग । बेडमा कोही थिएन । तर बेडमाथिको भित्तामा बेटाडिनको जस्तो रङले मिलेका र बान्की परेका अक्षरमा केही लेखिएको थियो ।

अगाडि पुगेर दुईटै गालामा हात लगाएर ती डाक्टर भित्तामा लेखिएको लाइन पढ्दै थिए ।

भित्तामा लेखिएको लाइनको अन्तिम शब्द काटेर त्यसलाई ' ठग ' शब्द बनाइएको थियो ।
पहिले लेखिएको लाइन - ग्यारेन्टी सिर्फ दुईजनाले दिन सक्छन् ः कि त ठग कि त भगवान !
भित्तामा पछि लेखिएको लाइन - ग्यारेन्टी सिर्फ दुईजनाले दिन सक्छन् ः कि त ठग कि त ठग !

# धर्म र आस्था राज्यको हुँदैन- मन्त्री मगर



काँकरभिट्टा । प्रदेश नं. १ का कृषिमन्त्री झलकसिंह दर्लामी (सन्देश) ले धार्मिक आस्था मानिसको व्यक्तिगत स्वतन्त्रता र अधिकार भएको बताएका छन् । काँकरभिट्टास्थित मेची सामुदायिक भवनमा आयोजित नेपाल बौद्ध धर्म संरक्षण समाज मेचीनगरको प्रथम अधिवेशनमा बोल्दै मन्त्री मगरले धर्मलाई राजनीतिसँग जोडेर हेर्न नहुने बताए । 'धर्म र आस्था मानिसको व्यक्तिगत स्वतन्त्रता हो,' उनले भने, 'धर्म र आस्था राज्यको हुँदैन ।' मन्त्री मगरले यदाकदा धर्म र आस्थालाई राजनीति र राज्यसँग जोडेर अलग बनाउने प्रयास भइरहेको टिप्पणी गरे ।
आफ्नो धर्म, संस्कृति र पहिचानलाई संरक्षण गर्न एकीकृत प्रयासको खाँचो रहेको पनि उनले औंल्याए ।
मन्त्री मगरले धार्मिक आस्थामा स्वतन्त्रता भएकाले नै राज्यले समान दृष्टिले हेर्न गरेको स्पष्ट पारे । उनले लामो संघर्ष र बलिदानबाट प्राप्त उपलब्धी नै धर्म निरपेक्षता भएको बताए ।
कृषिमन्त्री मगरले मुलुकलाई कृषिप्रधान भनिए पनि यसलाई प्रवर्द्धन गर्न नसकिएको बताए । उनले आयातलाई विस्थापन गर्न स्वदेशमै कृषि पेशालाई प्रवर्द्धन र बजारीकरण गर्नुपर्ने खाँचो औंल्याए । उनले निर्वाहमुखी कृषि पेशालाई व्यवसायमुखी बनाउन सकेमात्रै आर्थिक स्तर उन्नति हुने विचार राखे ।
बौद्ध धर्म संरक्षण समाज मेचीनगरका अध्यक्ष दिलकुमार तामाङको अध्यक्षतामा भएको कार्यक्रममा प्रदेश सांसद गोपाल बुढाथोकी, संविधानसभा सदस्य उषा गुरुङ, वर्ल्ड एलाइन्स अफ बुद्धिष्टका उपाध्यक्ष तथा बौद्धगुरु अजितमान तामाङ, मेचीनगर प्रमुख विमल आचार्य, उपप्रमुख मीना पोखरेल उप्रेती, मेचीनगर वडा नं ६ का वडाध्यक्ष ललितबहादुर तामाङलगायतले शुभकामना मन्तव्य राखेका थिए । सोही अवसरमा संस्थालाई सहयोग गर्ने शंकर तामाङ र नगेन्द्रकुमार गुरुङलाई सम्मान गरिएको थियो । उद्घाटन सत्रको अवधिभर विभिन्न जातिहरुको संस्कृति झल्कने नृत्यहरु प्रस्तुत गरिएको थियो ।
संस्थाका सदस्य बिमला तामाङले स्वागत गरेको कार्यक्रमको सञ्चालन समाजका सल्लाहकार सुवास गुरुङले गरेका थिए । मेचीनगर क्षेत्रमा लामो समयदेखि बसोबास गर्दै आएका बौद्धधर्मप्रति आस्था राख्ने तामाङ, गुरुङ, मगर र शेर्पा जाति सम्मिलित बौद्धमार्गीहरुको संरक्षण, प्रवर्द्धन गर्ने उद्देश्य राखेर एक वर्षअघि मेचीनगरमा उक्त समाज स्थापना भएको संस्थाका सचिव कृष्ण सिँजाली मगरले बताए । यो अवधिमा संस्थाले बौद्ध धर्म संरक्षणमा महत्वपूर्ण भूमिका खेल्दै आएको छ ।

# मानवअधिकारको टोली आदिवासी रंगशालामा

दमक, बैशाख ३ । राष्ट्रिय मानवअधिकार आयोगको एक टोलीले शनिबार झापाको कमल ५ स्थित आदिवासी रंगशालाका पदाधिकारी तथा सरोकारवालाहरुसंग अन्तरक्रिया गरेको छ । पाडाजुंगीस्थित स्मारिका सामुदायिक स्कूलमा आयोजित उक्त अन्तरक्रियामा आयोगका उपसचिव हरि ज्ञवाली,प्रदेश न.१ की प्रमुख नितु गौतम ,अधिकृत किरण बाराम र लाहुर्निप प्रतिनिधि दुर्गामणि याम्फुलगायतको उपस्थिति रहेको थियो ।



उनीहरुले आदिवासी रंगशाला निर्माणमा देखिएको समस्याको बारेमा सहभागीहरुले आफनो विचार राखेका थिए । अन्तरक्रियामा रंगशालाका पूर्व अध्यक्ष नित्यानन्द ताजपुरिया, रंगशालाका महासचिव दिपेनबाला राई , पूर्व महासचिव धिरेन लावती, जनजाति महासंघ झापाका पूर्व अध्यक्ष पारसमणि राई ,पत्रकार बिष्णु सुब्बा , ताजपुरिया समुदायका अगुवा चन्द्रप्रसाद ताजपुरिया, महिला नेतृ हरिदेबी राई, प्रेम घिसिङलगायतले नामकरणको विषयलाई लिएर आदिवासी रंगशाला निर्माणको कार्य बेवारिसे बनाएको आरोप लगाए । उनीहरुले राज्यको भूमिका विभेदकारी भएको औल्याउदै आदिवासी रंगशालाको नाममा नै रंगशाला निर्माण गर्न सरकारले चासो दिनु पर्ने धारणा राखे । रंगशालाको नामकरणको विषयलाई लिएर तत्कालीन एमाले सरकारले भाँजो हाल्ने काम गरेको उनीहरुको ठहर थियो ।
आयोगका टोलीले सरोकारवालाहरुसंग रंगशाला निर्माणको शुरुवात र त्यसपछिका घटनाक्रममा विषयमा जानकारी लिएको अन्तरक्रियामा सहभागी जनजाति महासंघ झापाका पूर्व अध्यक्ष पारसमणि राईले बताए । उनका अनुसार आयोगले आदिवासी रंगशालाको विषयलाई सरकारसम्म पुऱ्याउने उद्देश्यले छलफल गरिएको हो ।

# माझी ट्रेड युनियन कांग्रेसको जिल्ला सदस्य

मेचीनगर । विराट वारियर्सले झापा सुपर लिग क्रिकेट प्रतियोगितामा विजयी शुरुवात गरेको छ । सनराइज काँकडभिट्टालाई ७ विकेटले पराजित गर्दै विराटले विजयी शुरुवात गरेको हो । प्रतियोगितामा टस जितेर विराटले सनराइज काँकडभिट्टालाई व्याटिङका लागि निम्तो गरेको थियो । निर्धारित २० ओभरमा ८ विकेट गुमाएर १ सय ५२ रनको लक्ष्य खडा गर्दा अन्तर्राष्ट्रिय खेलाडी पवन सरार्फले ४३ वल खेलेर ५४ रन बनाए । प्रनिश विमलीले २५, भुपाल डाँगीले १९ र शुभांकर उराउले १६ रन जोडे । वलिङतर्फ विराटका विवेक आयद, सिद्धान्त लोहनी र सुमित नेउपानेले २/२ तथा आभास तिम्सिना र विपिन महतोले १/१ विकेट झारे । सनराइजले दिएको लक्ष्य विराटले १६ दशमलव ४ ओभरमा पुरा गऱ्यो । सोनु अन्सारीले ३३ वलको सामना गरेर ५४ रन जोडे । त्यस्तै अनिल लामिछानेले ३४, सिद्धान्त लोहनीले १६ वलमा ३३ तथा अन्तिम सुवेदीले १५ रन बनाए । वलिङमा सनराइज काँकडभिट्टाका विराट डाँगी र शुभांकर उराउले १/१ विकेट लिए । अलराउण्डर प्रदर्शन गर्ने विजयी टोलीका सोनु म्यान अफ दि म्याच बने । क्यानका सल्लाहकार नरेश श्रेष्ठले उनलाई ३ हजार नगद पुरस्कार हस्तान्तरण गरे । प्रदेश १ मा पहिलो पटक आयोजना भएको यो प्रतियोगितालाई मेचीनगरका प्रमुख विमल आचार्यले उद्घाटन गरेका थिए । आइतवार बिर्तामोडको बोस्टन ब्लास्टर्स र धुलावारी टाइगर्सबीच पहिलो र भद्रपुर राइजिङ र सनराइज काँकडभिट्टाबीच दोस्रो खेल हुने आयोजक समितिका अध्यक्ष हिमाल विकेले जनाए । लर्ड बुद्ध क्रिकेट एकाडेमीको आयोजना र शिवशक्ति ग्रुपको रसोई तोरी तेलले मुख्य प्रायोजन गरेको प्रतियोगितामा जिल्लाका ५ वटा क्लबको सहभागिता रहेको छ ।

# दुर्घटनामा टेम्पो चालकको मृत्यु, अर्का घाईते

झापा , बैशाख ३ । सुनसरीको धरान उपमहानगरपालिका-४ स्थित कोशी राजमार्गमा सवारी दुर्घटना हुँदा चालकको मृत्यु भएको छ ।
मृत्यु हुनेमा टेम्पो चालक धरान-१३ का ३५ बर्षीय खडग बिश्वकर्मा रहेका छन् । शुक्रबार बिहान ७ बजे धरानबाट तेह्रथुमतर्फ जाँदै



गरेको को.१ख४४८० नम्वरको बस र भेडेटारबाट धरानतर्फ आउँदै गरेको को.२ ह ७०४१ नम्वरको टेम्पो एक आपसमा ठक्कर खाएर दुर्घटना हुँदा टेम्पो चालक बिश्वकर्माको घटनास्थलमा नै मृत्यु भएको र टेम्पोमा सवार ताप्लेजुङ लिखुम-२ की १५ बर्षीया उषा लिम्बू घाईते भई धरान घोपामा उपचार भईरहेको छ ।
बस चालक धरान-१३ का गोबिन्द कटुवाललाई इलाका प्रहरी कार्यालय धरानले नियन्त्रणमा लिई दुर्घटना सम्बन्धमा थप अनुसन्धान गरिरहेको जनाएको छ ।

# चौलागाईं प्रतिष्ठानको अध्यक्षमा पुनः माधवप्रसाद

झापा , बैशाख ३ । चौलागाईं प्रतिष्ठान झापा



जिल्ला समितिको अध्यक्षमा पुनः माधवप्रसाद चौलागाईं चयन भएका छन् ।
संस्थाको बिर्तामोडमा भएको तेस्रो वार्षिक साधारणसभाले माधवप्रसाद चौलागाईंको अध्यक्षतामा नयाँ कार्यसमिति चयन गरेको हो । नवगठित समितिको उपाध्यक्षमा नेत्रप्रसाद चौलागाईं, लिला चौलागाईं , सचिवमा नारायणप्रसाद चौलागाईं, सहसचिवमा डिल्लीराम चौलागाईं, गोपिकृष्ण चौलागाईं, कोषाध्यक्षमा यशोदा चौलागाईं, सहकोषाध्यक्षमा जनक चौलागाईं रहेका छन् ।
त्यस्तै सदस्यहरुमा मिनप्रसाद चौलागाईं ,कमलप्रसाद चौलागाईं, टीकाप्रसाद चौलागाईं, कमला चौलागाईं, गोपिकृष्ण चौलागाईं, नगेन्द्र चौलागाईं र हेम चौलागाईं रहेका छन् । समिति चयनका लागि राजेन्द्रप्रसाद चौलागाई संयोजक तथा नारायणप्रसाद चौलागाईं र देवीप्रसाद चौलागाईं सदस्य रहेको निर्वाचन समिति गठन गरिएको थियो ।
संस्थाका अध्यक्ष माधवप्रसाद चौलागाईंको अध्यक्षता तथा केन्द्रीय अध्यक्ष डा. रमेश चौलागाईंको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा संस्थाका उपाध्यक्ष तथा प्रदेश सदस्य भरत चौलागाईंले स्वागत गरेका थिए ।

कार्यक्रममा संस्थाका केन्द्रीय महासचिव देवेन्द्र चौलागाईं, केन्द्रीय सदस्य शिव शर्मा चौलागाईं, रामप्रसाद चौलागाईं, प्रदेश अध्यक्ष उत्तम चौलागाईं, इलाम अध्यक्ष मेघप्रसाद चौलागाईं, मोरङ अध्यक्ष दुर्गाप्रसाद चौलागाईं, सुनसरी अध्यक्ष प्रेमप्रसाद चौलागाईं, मेचीनगर अध्यक्ष मिनप्रसाद चौलागाईं र बाह्रदशी अध्यक्ष कमलप्रसाद चौलागाईंलगायतले शुभकामना मन्तव्य राखेका थिए । संस्थाका अध्यक्ष माधवप्रसाद चौलागाईंले प्रगति तथा आर्थिक प्रतिवेदन प्रस्तुत गरेका थिए । कार्यक्रमको संचालन संस्थाका सचिव नारायणप्रसाद चौलागाईंले गरेका थिए ।

# माझी ट्रेड युनियन कांग्रेसको जिल्ला सदस्य

बिर्तामोड, बैशाख ३ । नेपाल ट्रेड युनियन कांग्रेस झापाले स्थानीय तहको निर्वाचनमा कांग्रेस पार्टीका उम्मेदवारलाई जिताउन सशक्त भुमिका खेल्ने निर्णय गरेको छ । ट्रेड युनियन कांग्रेस झापाका अध्यक्ष यज्ञप्रताप अधिकारीको अध्यक्षतामा सम्पन्न आबद्ध संस्थाका अध्यक्षहरुको ट्रेड युनियन कांग्रेसका केन्द्रीय सदस्य उर्मिला ढकाल, प्रदेश उपाध्यक्ष दीपक प्रधानलगायत सहभागी बैठकले रिक्सा तथा ठेला श्रमिक संघका पूर्व अध्यक्ष एवं अग्रज ट्रेड युनियनकर्मी मनिका माझीलाई जिल्ला सदस्यमा मनोनयन गर्ने निर्णय गरेको छ ।



संयुक्त बैठकले यस्तो निर्णय गरेको हो । बैठकले आगामी बैशाख १८ गते १३३ औ मे दिवस भव्यताका साथ बिर्तामोडमा मनाउने निर्णय गरेको छ ।

प्रतिदिन PRATIDIN NATIONAL DAILY
वर्गीकृत विज्ञापन

अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा
PALcreation
bhadrapur road, birtamode
023-590580, 9852671580

सुपर काइनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तराष्ट्रिय चिठि पत्र , पार्सल पठाउनु परे हामिलाई सम्झनुहोस ।
विगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा
अदुवा खोला छेउ

राम्रो छपाईको लागि हामिलाई सम्झनुहोस्
-किताब -क्यालेण्डर - बिल
भौचर - पोष्टर/पम्प्लेट
- पत्रपत्रिका
- स्कुलका कपि आदि...
पोखरेल अफसेट प्रेस
अतिथि सदन उत्तर ( शनि मन्दिर छेउ)
बिर्तामोड, झापा
मो: ९८१४९७४०३२, ९८१४०४१५१३

तपाईंकोमा प्रतिदिन आएन ?
नआएमा सम्पर्क गर्नुहोला ।
०२३-५४३८२०



MANAV DENTAL HOSPITAL Pvt.Ltd. Estd:2065 ANARMANI-3,BIRTAMODE
मानव डेन्टल
काँकरभिट्टारोड, बोलबम पेट्रोलपम्प पूर्व, बिर्तामोड
फोन: ०२३-५४२६१६, मो: ९८५२६४०४०५
दैनिक सेवाको लागि
❖डा. मेची अञ्चल अस्पतालबाट
❖डा. भैरहवाबाट
❖डा. काठमान्डौबाट
स्वास्थ्य मुस्कान, स्वास्थ्य जीवन, यहीं हो मानव डेन्टलको पहिचान



वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

| चन्द्रगढी, भद्रपुर | दमक | मेचीनगर | उर्लाबारी | इलाम, मंगलबारे | काकँरभिट्टा | झापा बजार |
|---|---|---|---|---|---|---|
| लोकबहादुर कुँवर : ९८४२६८३९९६<br>द्रोण अधिकारी : ९८४२६२८७९१ | विष्णु सुब्बा : ९८५२६७०१३७<br>देविबहादुर बस्नेत : ९८१७९२४६२१ | चारआली : ९८४२७०३०१३<br>गोबिन्द घिमिरे : ९८१५९५०१५० | रुपेन्द्र शेर्मा : ९८४२०९२४०६<br>विराटनगर<br>क्रिएटिभ आई: ०२१-५२५६१० | रणवीर लिम्बू<br>९८१६९८४७५७ | फ्रेन्डसिप पुस्तक पसल<br>०२३-५६२४२४ | बरत राजवंशी<br>९८१७०४९००१ |

## राशिफल



ज्योतिस पं. लक्ष्मी सुवेदी
लक्ष्मीपुर, झापा
चिना, टिप्पन, वास्तु तथा ग्रहदशा, ज्योतिस तथा परामर्श सेवाको लागि सम्झनुहोला ।
सम्पर्क:
९८१६९१७७८७/९८१७०८१९९०

**मेष** आज अरुलाई प्रभावित पारेर काम बन्नेछ । लाभदायी छलफल हुनेछ ।

**वृष** बुद्धिको उपयोगले लक्ष्य पहिल्याउन सकिनेछ ।समाजसेवामा मन लाग्नेछ ।

**मिथुन** स्वादिष्ट भोजनको अवसर मिल्नेछ । प्रेम जीवन पनि सफल रहनेछ ।

**कर्कट** मित्रवर्गको सहयोग पाइनेछ । प्राविधिक र स्वास्थ्य विषयमा बढी सफलता मिल्नेछ।

**सिंह** सामाजिक क्षेत्रमा धन खर्च हुनसक्छ । शिक्षामा पनि अवरोध आउनसक्छ ।

**कन्या** आफ्नो अधिकार प्राप्तिका लागि संघर्ष गर्नु पर्ला । दुष्ट व्यक्तिको सङ्गतले आत्मघाती

**तुला** आज खेलकुद र साहित्यिक क्षेत्रमा रुचि बढ्नेछ । शैक्षिक क्षेत्र पनि राम्रै हुनेछ ।

**वृश्चिक** रोकिएका अधुरा कामहरू पुरा हुन सक्छ । मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ ।

**धनु** आज काम बिगार्नेको सक्रिय रहन सक्छन् । नियमित खर्चसमेत बढ्नेछ ।

**मकर** आज आफन्तबाट सहयोग प्राप्त हुनेछ । पढाइ लेखाइमा प्रगति हुनेछ ।

**कुम्भ** धार्मिक तथा समाजसेवामा मन लाग्नेछ । नजिकको व्यक्तिबाट सहयोग पाइनेछ ।

**मिन** लामो समयदेखि रोकिएको कामको गाँठो फुक्नेछ । सही निर्णय लिन सके थप